# स्थानीय राजपत्र

**हरिनास गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड : २ चित्रेभञ्ज्याङ, स्याङ्गजा, पौष २८ गते, २०७५ संख्या : १


## भाग २

स्थानीय सरकार

हरिनास गाउँपालिका

चित्रेभञ्ज्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल

## हरिनास गाउँपालिकाद्वारा सर्वसाधारणको लागि प्रकाशित सूचना ।

**हरिनास गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको राजपत्र प्रकाशन सम्वन्धि कार्यविधि २०७५ सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र  प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था

गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न हरिनास गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम गाउँसभाको मिति २०७५साल पुस २७ गते बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## भाग (१)
## प्रारम्भिक

१. **कार्यविधिको नामः**यस कार्यविधिको नाम "**हरिनास गाउँपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५** "रहेको छ । विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा ; **स्थानीय राजपत्र** भन्नाले **हरिनास गाउँपालिकाको राजपत्र** भन्ने बुझाउनेछ भने **गाउँपालिका राजपत्र** भन्नाले समेत **"हरिनास गाउँपालिकाको राजपत्र"** भन्ने बुझाउनेछ ।

१. **कार्यविधि लागू हुनेः**यो कार्यविधि मिति २०७५ साल पुस २७ गतेदेखि लागू हुनेछ ।

## भाग(२)
## गाउँपालिका राजपत्रको भाग र ढाँचा

३. **गाउँपालिका राजपत्रको भागहरुः** हरिनास गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची (१) बमोजिमका भागहरुमा वर्गिकरण गरिएको छ ।

४. **गाउँपालिका राजपत्रको ढाँचाः**हरिनास गाउँपालिका राजपत्रको ढाँचा अनुसूची(२) मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **खण्डको व्यवस्थाः**हरिनास गाउँपालिका राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरणका लागि २०७५ साललाई १, २०७६ साललाई २), कायम गरी त्यसपछि क्रमशःजतिवर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

६. **गाउँपालिका राजपत्रको संख्याः** (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखी अर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

(३) उपदफा २ बमोजिम राजपत्रमा संख्या कायम गर्दा सो वर्ष प्रकाशन भएको  कतिऔं ऐन,नियम,कार्यविधि,निर्देशिका,मापदण्ड, अन्तरस्थानीय तह सम्झौता, सार्वजनिक सूचना सन्देश हो, सो उल्लेख गर्नुपर्नेछ । उदाहरणार्थः पहिलो वर्ष प्रकाशन भएको तेस्रो ऐन हो भने  संख्या १/३ भनी उल्लेख गर्नुपर्नेछ ।

७. **गाउँपालिका राजपत्रमा प्रकाशन गर्ने सामग्रीः** गाउँपालिका राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भएभाग(१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

८. **गाउँपालिका राजपत्र प्रकाशन गर्ने अधिकारीः**गाउँपालिका राजपत्र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग (३)
## गाउँपालिका राजपत्रको प्रकाशन, अभिलेख तथा वितरण

९. **गाउँपालिका राजपत्र प्रकाशनको जिम्मेवारीः**(१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई गाउँपालिका राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१)बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र गाउँपालिका राजपत्र प्रकाशन गरिनेछ ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्नेः** (१) प्रकाशन हुने सामग्री  गाउँकार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणिकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

**११ गाउँपालिका राजपत्रको अभिलेख व्यवस्थापनः** (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिका राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या मिलाई अद्यावधिक रुपमा अनुसूची ३ को ढाँचामा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतद्वारा उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

(४) उपदफा १ अनुसार प्रकाशन भएका सामाग्रीको सिलसिलेबार संख्या मिलाउँदा ऐन,सभा सम्बन्धी नियम, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, अन्तर स्थानीय तह सम्झौता, सूचना सन्देश आदिको लागि तोकिएको महलमा छुट्टाछुट्टै सिलसिलेवार संख्या जनाउनुपर्नेछ । यस्तो संख्याको सिलसिलेवार क्रम सो वर्षको लागि कायम हुनेछ । अर्को वर्ष पुनः तत् तत् महलमा १ बाट शुरु गर्नुपर्नेछ ।

**१२. निःशुल्क रुपमा उपलब्ध गराउनु पर्नेः** गाउँपालिकाले गाउँपालिका राजपत्रको प्रकाशित प्रति देहायका निकायमा निःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिकाको सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित शाखा,र

(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

**१३. वेभ साइटबाट सार्वजनिक गर्नुपर्नेः**गाउँपालिकाबाट प्रकाशित गाउँपालिका राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलगपोर्टल)निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

**१४. विक्री वितरणको व्यवस्था तथा बिक्री मूल्यः**(१) प्रकाशित गाउँपालिका राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइमार्फत् विक्री वितरणको व्यवस्था मिलाइनेछ ।

(२) गाउँपालिका राजपत्रको देहाय बमोजिमको बिक्री मूल्य निर्धारण गरिएको छ,

(क) <u>**बार्षिक सदस्य बनाई बिक्री गर्दा:**</u>वडा कार्यालय वा गाउँपालिकाबाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्कलिई बिक्री गरेमा बार्षिक रु. ५९०/- (पाँच सय नब्बेमात्र)

(ख) <u>**खुद्रा बिक्री गर्दा :**</u>गाउँपालिका राजपत्रको सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले गाउँपालिका राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु. ५मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु. १० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु. १५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु. २०मात्र
- ५७ देखि ७२ सम्म एक प्रतिको रु. २५मात्र
- ७३ देखि ९६ सम्म एक प्रतिको रु. ५०मात्र
- ९७ देखि बढी जति पेज हुन्छ, त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ ।

**द्रष्टब्य :** माथि उल्लेखित दर कायम गर्दा नेपाल राजपत्रको प्रचलित बिक्री दरलाई आधार लिइएको छ । स्थानीय सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

**१५.** <u>**बिक्रीबाट प्राप्त रकम सञ्चितकोषमा जम्मा गर्ने :**</u> गाउँपालिका राजपत्र बिक्रीवापत् प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**१६.** <u>**कार्यविधिको व्याख्या: यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै**</u> द्विविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१७.** **गाउँपालिका राजपत्र सँगालो प्रकाशन गर्न सकिने :** यो राजपत्र प्रकाशन कार्यविधि स्वीकृत भै लागू हुनुपूर्व गाउँसभा तथा गाउँकार्यपालिकाबाट स्वीकृत भै लागू भएका कानून तथा सूचनाहरू तथा यस कार्यविधि जारी भएपछि समेत जारी हुने कानूनहरू एकमुष्ट सँगालोको रुपमा प्रकाशन गर्न सकिने छ ।

**१८.** <u>**बचाऊः**</u> यो कार्यविधि लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

## अनुसूची (१)

(दफा३ सँग सम्बन्धित)

**गाउँपालिकाको राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु**

**भाग (१)**

यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणिकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग (२)**

यस भागमा गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि,मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथाअर्को स्थानीय तह सँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ

## अनुसूची - २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

## हरिनास गाउँपालिका

# गाउँपालिका राजपत्र

खण्डः...                संख्याः...                मितिः ......./....../......

### भाग-१

### हरिनास गाउँपालिका

## ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

**प्रमाणीकरण गर्नेको**

**नामथर : खिमनारायण मानन्धर**

**पद : गाउँपालिका अध्यक्ष**

**अनुसूची २**

(दफा४तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

## हरिनास गाउँपालिका

# गाउँपालिका राजपत्र

खण्डः... संख्याः... मितिः ......./....../......

**भाग - २**

**हरिनास गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा तथा स्थानीय तहबाट जारी भएका सूचना सन्देश जानकारी आदि ।

**प्रमाणीकरण गर्नेको**
**नामथर : खिमनारायण मानन्धर**
**पद : गाउँपालिका अध्यक्ष**

## अनुसूची ३
## दफा ११ (२) संग सम्बन्धित

## राजपत्र प्रकाशन वार्षिक अभिलेख पुस्तिका

| प्रकाशन मिति | प्रकाशित बिषय | प्रमाणीकरण मिति | ऐन/सभा-नियम संख्या | नियम संख्या | कार्यविधि संख्या | मापदण्ड संख्या | निर्देशिका/ अन्तर स्थानीय तह सम्झौता/ अन्य सूचना-जानकारी संख्या | लागू हुने मिति |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत